फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

पत्र संख्या: २०७७/७८

मिति: २०७७/११/०४

## प्रेस विज्ञप्ती

चावहिल साँखु सडकमा पर्ने कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ४,५ र ६ नं. वडा अन्तर्गत सडकमा हाल भएको अधुरो निर्माण कार्यले गर्दा सवारी संचालन हुँदा सडकमा उडेको धुलोबाट परेको समस्या समाधान गर्न स्थानिय व्यक्तिहरुले सम्बन्धित पक्षको ध्यान आकर्षण गराई तत्काल बाटो कालोपत्रे गर्न अनुरोध गरे अनुसार २०७७/११/०३ गते नगरपालिका प्रतिनिधि वडा नं. ४ का वडा अध्यक्ष भाईकाजी अधिकारी, वडा नं. ५ का वडा अध्यक्ष एवं नगर प्रवक्ता राजाराम पुडासैनी, सडक निर्माण आयोजना, इलाका प्रशासन, निर्माण व्यवसायी बालकृष्ण थापा, महानगरीय प्रहरी बौद्धका DSP तथा स्थानिय व्यक्तिहरुको उपस्थितीमा निम्न विषयमा सहमति भएको हुँदा सबैको जानकारीका लागि विज्ञप्ती जारी गरिएको छ ।

१. सडकको सिमांकनको कारणले विस्तार गर्न नसकिएको भागमा नेपाल सरकारको निर्णय बमोजिम जे जस्तो बाटो कायम छ सोहि ठाउँमा साँखु शालीनदी मेला सकिएको भोलिपल्ट २०७७/११/१६ गतेबाट बाटोमा कालोपत्रे गर्ने कार्य निर्माण व्यवसायीबाट गर्ने ।
२. सडकको धुलोलाई न्यूनिकरण गर्न दैनिक सडकमा पानी निर्माण व्यवसायीले हाल्ने ।
३. अधुरो रहेको थली बजारमा ढल हाल्ने र ढल हाल्न स्थानिय संग समन्वय गरी सहज वातावरण नगरपालिकाले तयार गर्ने ।
४. योजना अनुसार सडकमा रहेको अवरोध हटाई निर्माण कार्यलाई सम्बन्धित निकाय मार्फत निरन्तरता दिने ।

राजाराम पुडासैनी
नगर प्रवक्ता